# औपन्यासिक तत्त्वका दृष्टिले *घामका पाइलाहरू* उपन्यास

नित्यानन्द खतिवडा, विद्यावारिधि

उपप्राध्यापक

नेपाली विभाग

पिण्डेश्वर विद्यापीठ, धरान

*nityanandakhatiwada@gmail.com*

The Elements of Novelistic Perspective in the novel Gotame's *Ghamka Pailaharu* - by Dr. Nityananda Khatiwada

The article attempts to analyse the elements of novelistic perspective in the novel *Ghamka Pailaharu* by Dhanush Chandra Gotame. The studyt deals with the structural elements, plots, characters, context, point of views, objective etc. of the novel.

**लेखसार**

*प्रस्तुत लेख ध.च. गोतामेद्वारा लिखित घामका पाइलाहरूको विधातात्त्विक विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखमा उपन्यासका संरचक तत्त्व वा घटकहरू कथानक, पात्र, परिवेश, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली, शीर्षक आदिका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनबाट उपन्यासमा वीरगन्जको सामाजिक र ऐतिहासिक विषयलाई समेटिएको कथानक, कथानकलाई गति दिने पात्र, तिनको गतिशील हुने वा घटना घटित हुने परिवेशगत धरातलसमेत केलाइएको छ । यसका साथै कृतिलाई प्रभावकारी बनाउने पात्रीय संवाद, दृष्टिविन्दु, उपन्यास लेखिनाको उद्देश्य र कृतिको भाषाशैलीगत पक्षको अध्ययन विश्लेषण गर्दै उपन्यासको शीर्षक के कस्तो देखिन्छ भन्ने विषय पनि अध्ययनमा समेटिएको छ । यसरी कृतिनिर्माण गर्न संरचक घटकहरूलाई नै आधार बनाएर अध्ययन गरिएको यो कृति विधातात्त्विक दृष्टिले पूर्ण रचना भएको उत्कृष्ट रचना हो भन्ने कुरा पुष्टि भएको छ । यस अध्ययनबाट कृतिका सबै घटकहरूको अध्ययनबाट कृतिका सबै घटकहरूको अध्ययन तथा विश्लेषण हुन गई पाठकलाई समग्र कृति बुझ्न सहयोग पुग्ने विश्वास गरिएको छ ।*

***शब्दकुञ्जिका :*** आञ्चलिक, प्रतीकात्मक, सीमाहीन, पहिचान, प्रयोगमूलक, पर्यावरण ।

## विषय परिचय

ध.च.गोतामे (वि.सं.१९८९-२०६३) नेपाली साहित्यका सामाजिक यथार्थवादी उपन्यासकार हुन् । वास्तविक नाम धनुषचन्द्र गौतम रहेका यिनले नेपाली विषयमा एम.ए. सम्मको अध्ययन गरेका छन् । सरकारी सेवामा रहेर सेवा गरेका यिनले साहित्यका आख्यान, कविता, निबन्ध आदि विधाहरूमा कलम चलाएका छन् । उपन्यास लेखनमा विशेष रुचि भएका यिनका घामका पाइलाहरू (२०३५) र यहाँदेखि त्यहाँसम्म (२०४२) गरी दुईओटा उपन्यासहरू प्रकाशित छन् । नेपाली भाषा र साहित्य सेवाको कदर गर्दै यिनलाई मदन पुरस्कार, साझा पुरस्कारले सम्मानित गरिएको छ । यिनका उपन्यासहरूमा सामाजिक यथार्थ, ऐतिहासिक यथार्थ, आञ्चलिकता, देशप्रेम, कलात्मक भाषाशैलीजस्ता विशेषताहरू पाइन्छन् ।

उपन्यास एउटा महत्त्वपूर्ण साहित्यिक विधा हो । एउटा सुन्दर उपन्यास निर्माण हुन विभिन्न उपकरणहरू आवश्यक हुन्छन् । कथानकदेखि लिएर पात्र, परिवेश, संवाद, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली र शीर्षकसम्मका अङ्गप्रत्यङ्गहरूको समन्वयबाट उपन्यासले जीवन पाएको हुन्छ । यदि यीमध्ये कुनै तत्त्वको कमी भएमा उपन्यास लङ्गडो बन्ने हुनाले उपन्यासकारलाई उपन्यासका तत्त्वबारे राम्रो ज्ञान हुन जरुरी छ ।

घामका पाइलाहरू २०३५ सालमा प्रकाशित उपन्यास हो । पूर्वी नेपालको तराईमा देखिएका विविध समस्याहरूको यथार्थ चित्रण गरेको उपन्यासले रेल यातायातको विकाससँगै त्यसले पारेको सकारात्मक र नकारात्मक अवस्थालाई प्रस्तुत गरेको छ । २००७ सालपूर्वको राणाशासन र त्यसको प्रभाव तथा दोस्रो विश्वयुद्धको प्रभावलाई देखाएको उपन्यासले तराईमा मान्छेहरू बसाइँ सर्ने कारण र परिणाम, विविध धर्म, संस्कृति, भाषा भएर पनि एकताबद्ध भएर बसेका, मधेश सधैं हेपिनाको कारण, अन्नको भण्डार भएर पनि आफैं अभाव, भत्कोस्, शोषण, अन्याय र अन्धविश्वासमा जकडिनाको कारण पनि यहाँ पाइन्छ । उपन्यासमा खासगरी वीरगन्ज आसपास रेलको थालनी भए पनि त्यसको सञ्चालनार्थ विदेशी गुहार्नुपर्ने बाध्यता, दुर्गानाथ, पीताम्बर, पवन, अमलेन्दु र द्वारिकाहरूको पारिवारिक सम्बन्धका कथाव्यथाहरूको केन्द्रीयतामा तराईको ज्यूँदो तस्विर खिचिएको छ । उपन्यासकार ध.च. गोतामेको सामान्य परिचय दिँदै उपन्यासका तत्त्वबारे सङ्क्षिप्त अध्ययनसहित औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यासको विश्लेषण यस लेखको मुख्य विषय र उद्देश्य हो ।

## समस्या कथन

'औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू' शीर्षकीय यस लेखमा उपन्यासका तत्त्वहरू के के हुन् ? र औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यास के कस्तो देखिन्छ ? भन्ने दुईओटा मुख्य समस्यालाई लिएर उद्देश्यतर्फ केन्द्रित हुने कार्य भएको छ ।

## उद्देश्य कथन

समस्याकथनमा उठान गरिएका उपन्यासका तत्त्वहरूबारे सङ्क्षेपमा चर्चा गर्नु तथा औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यासको चर्चा गरी निष्कर्षमा पुग्नु नै यस लेखको खास उद्देश्य हो ।

## अध्ययनको सीमा

नेपाली साहित्यमा प्रचलित उपन्यासका तत्त्वहरूको सङ्क्षेपमा चर्चा गर्नु तथा ध.च. गोतामेका दुईओटा उपन्यासहरूमध्ये घामका पाइलाहरू उपन्यासमा केन्द्रित भई औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्नु यस लेखको सीमा हो ।

## अध्ययन विधि

प्रस्तुत कृतिको अध्ययन तथा विश्लेषणका लागि उपन्यासको विधातात्त्विक सिद्धान्त अवलम्बन गरिएको छ र पद्धति निगमनात्मक रहेको छ । सैद्धान्तिक आधार स्पष्ट पार्नका लागि यस उपन्यासको सिद्धान्तबारे लेखिएका पुस्तक तथा लेख रचनाहरूबाट सामग्री सङ्कलन गरिएको छ । यसमा मूलतः प्राथमिक र द्वितीयक गरी दुई प्रकारका सामग्रीहरू सङ्कलन गरिएका छन् । यसको प्राथमिक सामग्री विवेच्य कृति घामका पाइलाहरू हो भने उपन्यासका बारेमा लेखिएका सैद्धान्तिक पुस्तक र लेख रचनाहरू यसका द्वितीयक सामग्रीहरू हुन् । सामग्री सङ्कलनका लागि यसमा पुस्तकालयीय विधिको पालना गरिएको छ र यिनै सामग्रीको उपयोगबाट कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको कृतिपरक रहेको छ ।

## पूर्वकार्यको विवरण

दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०३४) ले *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास* शीर्षकीय इतिहासपरक ग्रन्थमा २०३० पछिका नेपाली उपन्यासहरूको ऐतिहासिक विवरण दिने क्रममा ध.च. गोतामेको घामका पाइलाहरू उपन्यासको चर्चा गरेका छन् । गोतामेले परम्परागत लेखनभन्दा नवलेखनको बाटो तय गर्दै आफ्नो युगको स्थिति, सांस्कृतिक परम्परा र सूक्ष्म मानसिक चेतनालाई व्यक्त गरेका छन् भन्ने विचार लेखकहरूको पाइन्छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* शीर्षकीय ग्रन्थमा उपन्यासको सिद्धान्तसँगै केही उपन्यासहरूको पनि विश्लेषण गरेका छन् । उपन्यासमा कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक बिम्ब, गति र लय गरी आठओटा तत्त्व रहन्छ भन्ने विचार लेखकहरूको रहेको छ । यसै क्रममा ध.च. गोतामेको घामका पाइलाहरू उपन्यासको सङ्क्षिप्त चर्चा गर्दै यस उपन्यासमा नेपाली र भारतीय सभ्यताको जोडाइ, नेपालमा रेलवेको निर्माण हुँदै गर्दाको प्रसङ्ग तथा तराईको वीरगन्जको सामाजिक, शैक्षिक, सांस्कृतिक र आर्थिक पक्षको यथार्थ चित्रण रहेको विचार यस पुस्तकमा पाइन्छ ।

सम्पादक कृष्णचन्द्रसिंह प्रधान (२०५८) ले *साझा समालोचना* ग्रन्थमा नेपाली उपन्यास परम्पराको चर्चा गर्ने प्रसङ्गमा ध.च.गोतामेको घामका पाइलाहरू उपन्यासबारे पनि सङ्क्षेपमा चर्चा गरेका छन् । सात सालअघिको पृष्ठभूमिमा सामाजिक जीवनको यथार्थता परिशीलन गर्दै आदर्श र मूल्यान्वेषण गर्ने कार्य गोतामेका उपन्यासले गरेका छन् भन्ने निष्कर्ष सम्पादक प्रधानको रहेको छ।

कृष्णप्रसाद दाहाल (२०६०) ले *नेपाली उपन्यास शतवार्षिकी स्मारिका* ग्रन्थमा 'द्वन्द्व संरचनाका आधारमा सय वर्षभित्रका केही उपन्यासहरूको अध्ययन' शीर्षकको लेखमा गोतामेका उपन्यासहरूमा जुनसुकै सभ्यता र संस्कृतिलाई जीवनमा उतार्नु पर्ने सन्देश तथा शोषक र शोषितबिच, आदर्श र यथार्थबिचको द्वन्द्वलाई कलापूर्ण रूपमा देखाइएको भनेर उपन्यासकार गोतामेका औपन्यासिक प्रवृत्तिबारे चर्चा गरेका छन् ।

खेम दाहाल (२०६४) ले *गरिमा* पत्रिकामा 'ध.च. गोतामेका उपन्यास : एक चर्चा' शीर्षकको लेखमा नेपाली आख्यान साहित्यमा विशेष योगदान दिएका गोतामेको घामका पाइलाहरू उपन्यासमा नेपाली समाजको यथार्थ जीवनको चित्रण, आञ्चलिक जीवनशैली, कलात्मक भाषाशैलीको प्रयोग रहेको छ भन्ने विचार प्रस्तुत गरेका छन् । प्रस्तुत अध्ययनमा पूर्वकार्यका क्रममा विद्वान्हरूले कतिपय सन्दर्भमा उल्लेख गरेका उपन्यासकार गोतामे, उपन्यासका तत्त्वहरू तथा घामका पाइलाहरू उपन्यासविषयक चिन्तनलाई समेत लिएर कृतिको गहन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## विषय विश्लेषण

### उपन्यासका तत्त्वहरूबारे सङ्क्षिप्त चर्चा

उपन्यासरूपी शरीर निर्माण गर्न अत्यावश्यक घटकहरूलाई उपन्यासका तत्त्व भनिन्छ । जसरी मानव शरीरको निर्माणमा विभिन्न अङ्गहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्, त्यसरी नै

उपन्यासको निर्माण गर्न नभइनहुने घटकहरूलाई तत्त्व भनिन्छ । उपन्यासको निर्माण तत्त्वहरूको सहयोगमा हुन्छ । उपन्यासको स्वरूप निर्माणमा सहयोगी भएका कारण आधुनिक समालोचनाले यिनलाई तत्त्वभन्दा उपकरणका रूपमा लिएको पाइन्छ । उपन्यासमा कति तत्त्व रहन्छन् भन्नेबारे चिन्तकहरूले विभिन्न धारणाहरू प्रस्तुत गरेका छन् । कसैले कथानक, पात्र, संवाद, देश, काल र वातावरण, भाषाशैली र उद्देश्यलाई उपन्यासका तत्त्व मानेका छन् भने कसैले दृष्टिविन्दु, प्रतीक र बिम्ब तथा गति र लयलाई पनि तत्त्व मानेका छन् । यहाँ परम्परादेखि चलिआएका र नेपाली साहित्यमा प्रचलित कथानक, पात्र, संवाद, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु र वातावरण आदि तत्त्वहरूलाई आधार मानेर निष्कर्षमा पुगिएको छ ।

***कथानक* -** कथानक उपन्यासको पहिलो तर महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा नै कथानक हो । उपन्यासमा आएका घटनाहरू कार्यकारण सम्बन्धमा व्यवस्थित भएर आएका हुन्छन् । यहाँ उपन्यासकारको बुद्धि र स्मृति पनि प्रयोग भएको हुन्छ । अब के होला ? भन्ने कौतूहलको सिर्जना गरी रहस्यमय ढङ्गमा सूत्र वा साङ्लामा बाँधेर विस्तारै अघि बढाइएको कथानक प्रभावकारी हुन्छ । कथावस्तु उपन्यासको कच्चा सामग्री हो र कथानकचाहिँ कच्चा सामग्रीबाट निर्मित आकर्षक वस्तु हो । उपन्यासमा कथानकको कम आदि, मध्य र अन्त्यको श्रृङ्खलामा बाँधिएको हुनुपर्छ र यसमा पात्रहरूको द्वन्द्व, कियाकलापहरू शिष्ट ढङ्गमा आएको हुनुपर्छ । कथानक जति राम्रो भयो त्यति नै प्रभावकारी हुने कारण उपन्यासका तत्त्वमध्ये यसलाई धेरै महत्त्व दिइएको हो । उपन्यासमा विभिन्न स्रोतबाट कथावस्तु लिन सकिन्छ । यसका मुख्य स्रोतहरू इतिहास, समाज, धर्म, राजनीति, पुराकथा, स्वैरकल्पना, मनोविज्ञान आदि हुन सक्छन् । कथानकको ढाँचाका आधारमा उपन्यासहरू सरल वा रैखिक, वृत्ताकारीय वा गोलो हुन्छन् भने प्रकारका दृष्टिले उपन्यास मुख्य र सहायक हुन्छन् । त्यस्तै अन्त्यका दृष्टिले उपन्यास सुखान्त र दुःखान्त (बराल र एटम, २०५६ : २७) हुन सक्छ ।

***पात्र वा चरित्र* -** प्रस्तुत उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व पात्र वा चरित्र हो । उपन्यासका घटनाकमलाई अघि बढाउन माध्यम बनेर आएका व्यक्ति वा वस्तु नै पात्र हुन् । उपन्यासका पात्रहरू विषयवस्तु सुहाउँदा, सजीव र अर्थपूर्ण हुनुपर्दछ । अनावश्यक पात्रहरूको भीडले उपन्यास राम्रो हुँदैन । तसर्थ उपन्यासमा घटना, विषय र परिवेश सुहाउने पात्रको चयन गर्नु पर्दछ । उपन्यासमा मानवीय-मानवेतर, गतिशील-गतिहीन, यथार्थ-आदर्श, अन्तर्मुखी-बहिर्मुखी, गोला-च्याप्टा, सार्वभौम-आञ्चलिक, पारम्परिक-मौलिक, पात्रहरूको प्रयोग पाइन्छ । त्यस्तै पुलिङ्ग र स्त्रीलिङ्ग (लिङ्गका

आधारमा), प्रमुख, सहायक र गौण (भूमिकाका आधारमा), अनुकूल र प्रतिकूल (स्वभावका आधारमा), वर्गीय र व्यक्तिगत (वर्गका आधारमा), मञ्चीय र नेपथ्य (मञ्चीयताका आधारमा) र बद्ध र मुक्त (आबद्धताका आधारमा) गरी विभिन्न प्रकारका पात्रहरू उपन्यासमा आएका हुन्छ् । मनोवैज्ञानिक उपन्यासमा पात्रको चरित्रलाई मुख्य स्थान दिइएको हुन्छ भने यथार्थवादी उपन्यासमा चरित्रभन्दा तिनले गराउने घटना वा क्रियाकलापलाई महत्त्व दिइएको हुन्छ । जुनै प्रकारको भए पनि पात्रका कारण उपन्यास सफल र असफल हुने कारण उपन्यासमा यसलाई विशेष जोड दिइएको हुन्छ ।

***संवाद वा कथोपकथन-*** संवाद पनि उपन्यासको एउटा महत्त्वपूर्ण उपकरण हो । उपन्यासका पात्रहरूबिचको कुराकानीलाई नै संवाद वा कथोपकथन भनिन्छ । संवादको मुख्य कार्य भनेकै चरित्रको चित्रण गर्दै घटनाहरूलाई नाटकीकरणसहित अघि लैजानु हो । कथानकमा रोचकता थप्नलाई उपन्यासकारले विभिन्न समस्या, द्वन्द्व, रसरङ्ग आदि जोडेको हुन्छ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई जोड्ने सेतुको कार्य गरेको हुन्छ । उपन्यासमा प्रयुक्त संवाद कथानक, परिवेश र पात्र सुहाउँदो सरल वा स्तरीय, रोचक, सङ्क्षिप्त, नाटकीय आदि हुनसक्छ । एकोहोरो वर्णन हुनबाट जोगाउन तथा पाठक वा भावकसँग जोड्नका लागि पनि उपन्यासको संवादलाई महत्त्व दिने गरिन्छ ।

***परिवेश वा पर्यावरण -*** उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्वअन्तर्गत परिवेश वा पर्यावरण पनि पर्दछ । उपन्यास मुख्य रूपमा घटित भएको स्थान, समय र परिस्थिति वा प्रभावलाई परिवेश भनिन्छ । उपन्यासमा स्पष्ट रूपमा देश, काल र वातावरण आएको हुन्छ । पात्रहरू स्वदेश वा विदेश, गाउँ, सहर वा पहाड कुन ठाउँका हुन् देखाएको हुन्छ भने भूत, वर्तमान र भविष्यमध्ये कुनै समय पनि जोडिएको हुन्छ । कुन वातावरणमा पात्र र तिनका क्रियाकलापहरू सञ्चालित छन् भन्ने कुरा यहाँ आएको हुन्छ । यसअन्तर्गत पात्रहरूको बोलीचाली, रहनसहन, आनीबानी, संस्कार, संस्कृति समेटिएको हुन्छ । यो उपन्यासको विश्वसनीयतासँग जोडिएको हुन्छ । उपन्यासमा आएको परिवेश जति सरल, सहज र स्वभाविक भयो त्यति नै उपन्यास विश्वसनीय हुने कारण उपन्यासमा यसलाई पनि महत्त्व दिने गरिन्छ ।

***उद्देश्य वा विचार*** **-** उद्देश्य वा विचार पनि उपन्यासको एउटा महत्त्वपूर्ण अङ्ग हो । उपन्यासकारले उपन्यासका माध्यमबाट पाठकलाई दिन खोजेको सन्देश नै उद्देश्य हो । उपन्यासकारले उपन्यासको मूल विचारलाई सामान्यीकरण गरेर पाठकसमक्ष प्रस्तुत गरेको हुन्छ । संसारमा विना उद्देश्य कुनै काम नभएजस्तै उपन्यास लेखनको पनि कुनै न कुनै उद्देश्य रहेको हुन्छ। उद्देश्यलाई जीवनदर्शन वा सारवस्तु पनि भन्ने गरिन्छ । उपन्यासकारले आफ्नो कुरा सिधै नभनेर पात्रका माध्यमबाट घुमाउरो तरिकाले विचारको सम्प्रेषण गरेको हुन्छ । उपन्यासमा सत्य उद्घाटन गर्ने, अनुभूतिको प्रस्फुरण गर्ने, समाजसुधार गर्ने, उपदेश प्रदान गर्ने, मनोरञ्जन प्रदान गर्ने, यथार्थको बोध गराउनेजस्ता उद्देश्यहरू रहेका हुन्छन् ।

***भाषाशैली*** - उपन्यासलाई परिपक्व बनाउने एउटा तत्त्व भाषाशैली पनि हो । भाव वा विचारलाई पाठकसमक्ष पुऱ्याउने माध्यम भाषा हो भने प्रस्तुतिको तरिकालाई शैली भनिन्छ । उपन्यास भाषाबाट प्रस्तुत हुने साहित्यिक कला भएकाले यसको ठूलो महत्त्व रहेको छ । उपन्यासमा कथानक, पात्र, परवेश, उद्देश्य आदि सोझै देख्न सकिदैन ती भाषाका माध्यमबाट चित्रित हुन्छन् (बराल र एटम, २०५३ : ४१) । उपन्यास एउटा साहित्यिक विधा भएका हुनाले यसमा सामान्य नियमलाई तोडेर विशिष्ट प्रकारको भाषा प्रयोग गरिन्छ । सरल भइकन पनि विचलित पदक्कम भएको भाषाको प्रयोगले उपन्यासको सौन्दर्य अझ बढ्छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरू पनि उपन्यासमा प्रयुक्त हुन्छन् । उपन्यासमा पात्रको स्तरअनुसार स्तरीय र सामान्य भाषाको प्रयोग हुनसक्छ । शैली उपन्यासको ढाँचा निर्माण गर्ने तरिका हो । उपन्यासलाई कसरी अघि बढाउने भन्ने विषय यससँग जोडिएको हुन्छ। भाषा सरल वा जटिल कस्तो छ त्यसआधारमा शैलीको निर्माण गरिन्छ । उपन्यासमा प्राय : वर्णनात्मक, आलङ्कारिक, नाटकीय आदि शैलीको प्रयोग प्रयोग गरिएको हुन्छ । विभिन्न बिम्ब, प्रतीकहरूको प्रयोगले जटिल भाषा उत्पन्न हुन्छ तर त्यसबेला उपन्यासको शैली पनि केही अमूर्त बन्न पुग्दछ । तर उपन्यासमा सकेसम्म सरल भाषा र शैलीको प्रयोग गर्नु वाञ्छनीय हुन्छ ।

***शीर्षक*** **-** शीर्षकलाई पनि उपन्यासको तत्त्व मानिन्छ । उपन्यासको आन्तरिक संरचनामा खासै भूमिका नभए पनि बाह्य संरचनामा यसको महत्त्व देखिन्छ । आधुनिक औपन्यासिक सिद्धान्तमा शीर्षकलाई अनिवार्य तत्त्व नस्वीकारिए पनि उपन्यासको पहिचानसँग जोडिएका कारण यो पनि

महत्त्वपूण उपकरण बनेको हुन्छ । उपन्यासको शीर्षक छोटो, छरितो र आकर्ष हुनुपर्छ । समग्र कथानक, पात्र, परिवेश आदिलाई सुहाउँदो गरी शीर्षक चयन गर्नुपर्दछ । उपन्यासको विषयवस्तु वा पात्रलाई आधार मानेर शीर्षक राखिएको पाइन्छ । शीर्षक आफैंमा अर्थपूर्ण र प्रभावकारी हुनु जरुरी छ । शीर्षक हेरेर नै रचनाबारे अनुमान गरिने कारण अन्य रचनाको जस्तै उपन्यासको शीर्षकले पनि एउटा प्रभाव पारेको हुन्छ । त्यसैले उपन्यास रचना गर्दा शीर्षकलाई पनि जोड दिइएको हो । उपन्यासका शीर्षकहरू प्रतीकात्मक, सङ्केतात्मक वा प्रयोगमूलक पनि रहन सक्छन् । शीर्षकलाई अनिवार्यभन्दा पनि ऐच्छिकअर्न्तग राख्न सकिने विचार कतिपय चिन्तकहरूको पाइन्छ ।

**औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यास**

प्रस्तुत शीर्षकमा औपन्यासिक तत्त्वका दृष्टिले घामका पाइलाहरू उपन्यासको अध्ययन गरिएको छ ।

***कथानक* -** उपन्यासकार ध.च. गोतामेको २०३५ सालमा प्रकाशित तथा मदन र साभ्mा पुरस्कार पाउन सफल घामका पाइलाहरू उपन्यासमा सामाजिक यथार्थलाई मुख्य आधार बनाउँदै नेपालको पूर्वी तराईमा अवस्थित वीरगन्ज र सो आसपासका ठाउँहरूको वस्तुस्थिति र मानिसहरूको वास्तविक जीवन भोगाइलाई उतारिएको छ । यो उपन्यास नेपालमा रेल यातायातको ऐतिहासिक दस्ताबेज हो । रेल आगमनसँगै फेरिएको सहरको रूपरङ, चालचलन र समाजको यथास्थितिको चित्र यहाँ पाइन्छ । नेपालमा २००७ सालको प्रजातन्त्र आगमनपूर्वको झलकसँगै प्रथम विश्वयुद्धको समाप्ति र दोस्रो विश्वयुद्धपूर्वको समयावधिलाई उपन्यासले आत्मसात् गरेको छ । नेपालमा रेलवेको विकास सन् १९२७ मा चन्द्रशमशेरको पालामा अङ्ग्रेजहरूले गरेका थिए । नेपालका वनपैदावर भारतमा ओसार्ने प्रयोजन रहे पनि पछि वा सकिँदै गएपछि र जनसङ्ख्या बढ्दै गएपछि उक्त रेल मान्छे बोक्ने साधन बनेको थियो । उक्त रेलको केन्द्रविन्दु तराईको वीरगन्ज बनेको थियो। यही रेलको व्यवस्थापनका लागि भारतबाट ल्याइएका अमलेन्दु भट्टाचार्य, काठमाडौंबाट आएका रेलवे डाक्टर, स्टेसन मास्टर, श्रीवास्तव, गार्ड रमानाथ, रेलवेमा पान बेच्ने गणेशी, देवशमशेरले सर्वस्वहरणसहित निस्कासन गरिएका पण्डित दुर्गानाथ, छोरो पीताम्बर, बुहारी रम्भा, नाति पवन र भारतबाट भूमिगत जीवन बिताउन नेपाल पसेका क्रान्तिकारी योद्धा द्वारिकाको जीवनका आरोहअवरोहजन्य सङ्घर्षका कथा उपन्यासको कथानकमा समेटिएका छन् । यी सबै पात्रहरूको सम्बन्ध प्रत्य परोक्ष रूपमा रेलसँग जोडिएको छ ।

द्वारिका र पवनका प्रसङ्गबाट थालिएको उपन्यासमा पवनका हजुरबुबा पं.दुर्गानाथ, पिता पीताम्बर र आमा रम्भा वीरगन्जमा आएर बसेका छन् । यिनीहरू दुर्गानाथको दमको र रम्भाको पाठेघरको उपचार गराउन बाराको एउटा गाउँबाट वीरगन्जमा आई डेरा गरेर बसेका छन् । यिनीहरूको आम्दानीको पीताम्बरको मासिक तीस रूपैंया आउने तलब रहेको छ । पवन भने द्वारिकाप्रसादसँग बसेर अध्ययन गरिरहेको छ । वीरगन्जमा रेल यातायात सुरु भइसकेको छ र त्यसको सञ्चालनको जिम्मा अमलेन्दुले पाएका छन् । उनीसँग छोरी अणु पनि रहेकी छन् । विस्तारै यी तिन परिवारको हिमचिम बढ्दै जान्छ भने पवन र अणु पनि नजिक हुन्छन् । उता अस्पतालमा रम्भाको पाठेघरको अप्रेसन सुरु हुन्छ भने दुर्गानाथको दम पनि बढ्दै जान्छ । डाक्टर र श्रीवास्तवबिच खटपट हुन्छ भने गणेशीले डाक्टर तह लगाउने भन्दै अनेकन क्रियाकलाप गर्दछ । उता अमलेन्दु मुटुको रोग बढेपछि रमानाथले रेलवेको रेखदेख गर्दछ भने अमलेन्दु निको भएपछि आफ्नो कामा फर्कन्छन् । साहुको कालो धन्दामा नलागेका कारण पीताम्बरको नोकरी सकिन्छ भने पोखरीमा डुब्न पुगेकी रम्भाको द्वारिकनाथद्वारा उद्धार गरिन्छ । यसपछि यी दुईको सम्बन्ध दाजुबहिनीका रूपमा विकास हुन्छ । यही क्रममा तमाखुको अधिक सेवनले पं.दुर्गानाथको मृत्यु हुनपुग्दछ । बाबुको मृत्युपछि पीताम्बर र रम्भा आफ्नै गाउँ फर्कन्छन् भने पवन द्वारिको संरक्षणमा त्यहीँ बसेर पढाइमा लाग्दछ । यस कुराले अणु र अमलेन्दुसमेत खुसी हुन्छन् । यही अवस्थामा पुगेर उपन्यासको कथानक समाप्त भएको छ ।

उपन्यासको कथानक पहाड र उपत्यकालाई मधेशसँग जोड्ने सेतु बनेको छ । उद्योग कलकारखाना र अन्नको भण्डार भएकाले मधेश समग्र नेपालकै मुटु साबित भएको छ । यति हुँदाहुँदै पनि यहाँ अभाव, गरिबी, अशिक्षा, अन्धविश्वास आदिले गाँजिरहेको यथार्थ यहाँ चित्रण गरिएको छ । उपन्यासको कथानक सरल देखिँदैन । पात्रले विगतका स्मृतिहरू दोहोर्‍याइरहन्छ । दुर्गानाथ बाजेका राणाकालीन शासकले दिएको ताडना ऐतिहासिक सन्दर्भ बनेर आएको छ भने पहाडमा दुःख भएपछि मधेशतिर सरेको सन्दर्भ पनि यहाँ पाइन्छ । उपन्यासमा मधेशका पहिचान बनेका घाम, गर्मी, घमौरा, हिलो, धुलो, सर्प, मच्छड आदिबाट उत्पन्न समस्याको सूक्ष्म चित्रण गरिएको छ । व्यापारका नाममा हुने कालाबजारी, हजुरबुबा, बुबा र नाति पुस्ताको सम्बन्धका विभिन्न पक्षहरू, अभाव, भत्कोस्, प्राकृतिक विपत्तिहरू, विविध कारणले मनमा आउने निराशााजन्य घटनाहरू उपन्यासको कथानकमा समेटिएका छन् ।

उपन्यासले विभिन्न विषय र क्षेत्रलाई समेटे पनि केन्द्र भने दुर्गानाथ बाजे र उनको परिवार नै बनेको छ । मधेशमा बस्ने निम्न मध्यमवर्गीय पहाडी समुदायमध्ये उनी शिक्षित, इमान्दार, मिलनसार देखिन्छन् । भारतीय मूलका व्यक्तिहरूसितको सुमधुर सम्बन्धले यिनको सबैसँग मिल्नसक्ने स्वभावलाई देखाइएको छ । सबैसामु परिचित र सम्मानित, इमान्दार र बौद्धिक व्यक्तित्वको निधनबाट सबै निराश बनेका छन् । उपन्यासमा सबैको भलो होस् भनिएको छ । खासगरी मधेशमा रहेको रोग, भोक, अशिक्षा, गरिबीको जरैदेखि उन्मूलनको चाहनामा सरकारको मधेशलाई हेर्ने दृष्टिकोण सकारात्मक बन्न नसकेकाप्रति असन्तुष्टिको भावसमेत कथानकमा समेटिएको छ ।

***पात्र वा चरित्र*** **-** घामका पाइलाहरू बहुपात्रीय उपन्यास हो । यसमा पं.दुर्गानाथ, पीताम्बर, रम्भा, पवन, अमलेन्दु भट्टाचार्य, अणु, पार्वती दिदी, द्वारिका, पानवाल गणेशी, स्टेसन मास्टर, श्रीवास्तव, गार्ड रमानाथ, रेलवे डाक्टर र डाक्टर्नी, थानेदार सेठ, गङ्गादत्त, मुसलमान, ड्राइभर, मुहम्मदलगायतका मुख्य पात्रहरू रहेका छन् । त्यस्तै अन्य पात्रहरूमा भोला हलुवाई, होटलवाला पण्डित, बङ्गाली होटल मालिक, पोस्टम्यान रामप्यारे, सुखदेव सुनार, जमिन्दार, कामदारहरू, डाक्टरका नोकर, नोकर्नी, जितु, आइमाईहरू, पानी पाँडे आदि रहेका छन् । कुराकानीका क्रममा शमशेरहरू, रेल यात्रीहरू, कुल्ली कामदारहरू, पसलेहरू, पवनका साथीभाइहरू पनि आएका छन् । यी विभिन्न पात्रहरूमध्ये यहाँ प्रमुख पात्रहरूको मात्र विश्लेषण गरिएको छ ।

*पण्डित दुर्गानाथ* - पण्डित दुर्गानाथ घामका पाइलाहरू उपन्यासका प्रमुख पुरुष पात्र हुन् । यिनी नवीन सोचाइ भएका पुरानो पुस्ताको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण पात्र हुन् । उच्च ललाट, गोरो उज्यालो अनुहार भएका यिनी आत्मसन्तोषी तर दमका रोगी रहेका छन् । ७५ वर्षका यिनी सुरुम देव शमशेरका दरबारिया पण्डित थिए तर देव शमशेरसँगै दरबारबाट निष्काषित भई धनकुटा पुगेपछि मधेशका बासिन्दा भएका थिए । सुरुमा सम्पन्न तर पछि विपन्न बनेका यिनमा सच्चा इमान्दार, कर्तव्यनिष्ठ, सहनशील र त्यागजस्ता प्रवृत्तिहरू पाइन्छन् । देशभक्तिको कट्टर भावना भएका यिनी उदार र सहृदयी छन् । उच्च बौद्धिक क्षमताका धनी यिनमा मधेशप्रति सकारात्मक भावना देखिन्छ । समान विकास हुनुपर्छ भन्ने यिनी नयाँ पुस्तालाई स्वतन्त्रता दिनुपर्छ भन्ने विचार राख्दछन् । धैर्य गर्नसक्ने यिनी उपन्यासका स्थिर र सत् पात्र हुन् । उपन्यासको सामाजिक सद्भाव र एकताको सन्देश दिन आयोजित पात्रका रूपमा यिनको भूमिका देखिन्छ ।

*पीताम्बर* - पीताम्बर घामका पाइलाहरू उपन्यासका सहायक पुरुष पात्र हुन् । पं.दुर्गानाथका छोरा, रम्भाका श्रीमान् र पवनका पिताको भूमिकामा देखिएका यिनी इमान्दारपूर्वक काम गर्ने श्रमजीवी पात्र हुन् । न्यून तलबमा पनि इमान्दारीपूर्वक काम गर्ने यी पात्रमा स्वाभिमानी प्रवृत्ति पाइन्छ । अन्याय सहन नसक्ने यी पात्रमा सम्पत्तिका कारण बुबासँग राम्रो सम्बन्ध देखिँदैन । पत्नीलाई गाली गर्ने, झर्किने र घरको जिम्मेवारी कुशलतापूर्वक वहन गर्न नसक्ने गैरजिम्मेवार प्रवृत्तिसमेत पाइने पीताम्बर पवनलाई उचित स्नेह प्रदान गर्न असमर्थ रहेका छन् । स्वाभिमानसँगै अभिमान पनि बोकेका पीताम्बरमा निराशा, छटपटी र कमजोर मनस्थिति  पाइन्छ । अन्तर्मुखी स्वभाव भएका पीताम्बर सहरलाई स्वार्थी ठानी गाउँमै फर्कन चाहने पात्रका रूपमा उपन्यासमा आएका छन् ।

*अमलेन्दु भट्टाचार्य (लोकोबाबु)* - अमलेन्दु भट्टाचार्य यस उपन्यासका अर्का महत्त्वपूर्ण सहायक पात्र हुन् । अङ्ग्रेजी खानपान र रहनसहन भएका अमलेन्दु बेलायतमा रेल विषय पढेर आएका इन्जिनियर हुन्। भारतमा घर भएर पनि नेपाललाई कर्मथलो बनाएका अमलेन्दुमा मानवतावादी, सहयोगी, निष्पक्ष, कुशल प्रशासकजस्ता प्रवृत्तिहरू पाइन्छन् । उच्च वर्गको प्रतिनिधित्व गर्ने स्थिर र सत् पात्रका रूपमा उपन्यासमा देखिएका अमलेन्दुले नेपालमा रेल समभव छ भनेर सर्भेसँगै त्यसको व्यवस्थापनको कार्यसमेत गरेर रेल कुदाएका छन् । तसर्थ उपन्यासको विकासमा अमलेन्दुको भूमिका पनि अर्थपूर्ण रहेको पाइन्छ ।

*पवन* - पवन घामका पाइलाहरू उपन्यासको प्रमुख पुरुष पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै यस पात्रको भूमिका रहेको देखिन्छ । नायक पात्रका रूपमा प्रस्तुत पवन पं.दुर्गानाथको नाति, पीताम्बर तथा रम्भाको छोरा र अणुको प्रेमी बनेको देखिन्छ । नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने यस पात्रको अध्ययनमा विशेष रुचि रहेको पाइन्छ । हजुरबुबासँग सुमधुर सम्बन्ध भएको पवनको बुबा पीताम्बरसँग भने राम्रो सम्बन्ध देखिँदैन । बालसुलभ चञ्चलता र जिज्ञासु रहेको पवन घरको आर्थिक अवस्थाका कारण पढाइमा असर पुग्ने देखेर सहरमा नै बसेर पढिरहेको छ । चलाख र बुद्धिमान् यो पात्र ट्युसन पढाएर भए पनि परिवारलाई सहयोग गर्दछ । लजालु तर प्रतिभाशाली यो पात्र पनि उपन्यासको सत् भूमिकामा देखिएको स्थिर चरित्र हो । दया, माया, करुणा, संवेग भएको यस पात्रमा तार्किक शक्तिसँगै व्यावहारिक ज्ञान पनि पाइन्छ । पढाइलाई प्राथमिकता दिने साहसी र

उच्च सोच भएको पवनकै केन्द्रीयतामा यो उपन्यास घटित भएकाले उपन्यासको केन्द्रीय पात्र बन्न पुगेको छ ।

***परिवेश*** **-** घामका पाइलाहरू मुख्यतः पूर्वी तराईको परिवेशलाई समेटेर लेखिएको उपन्यास हो। उपन्यासको आधारभूमि यही हो भनेर यकिन नगरिए पनि रेल चल्ने स्थान, सिमरा, परवानीपुर, जितपुर, भारतको सीमानाजस्ता ठाउँहरू प्रत्क्षतः वर्णनमा आएका हुनाले वीरगन्ज हो भन्ने अड्कल लगाउन सकिन्छ । उपन्यासमा कुराकानीको प्रसङ्गमा तराई बाहेक काठमाडौं, धनकुटा, कलकत्ता, रम्भाको माइती, पीताम्बरको गाउँ, अमलेन्दुको घर आदि स्थानहरूको वर्णन गरिएको छ । उपन्यासको स्थलगत परिवेशका बारेमा उपन्यासमा यस्तो उल्लेख पाइन्छः

"यो बस्ती सहर र गाउँको दोसाँधमा झुन्डिएको बस्ती हो । यसमा गाउँ छाड्ने छटपटी र सहर ओढ्ने तीव्र आकाङ्क्षा छ, जसबाट यहाँ न गाउँ बिलाएको थाहा पाइन्छ न सहर उदाएको भान हुन्छ । गाउँ र सहर दुवैको तत्त्व यहाँ छ्यासमिस भएकाले गाउँबाट आउनेले यसलाई सहर र सहरबाट आउनेले यसलाई गाउँ भन्दछन् (गोामे, २०३५ : ५)।"

२०३५ सालमा लेखिएको उपन्यास भएकाले तत्कालीन समाजको यथार्थ तस्विर यहाँ पाइन्छ। ग्रामीण सामाजिक परिवेशप्रति विशेष मोह व्यक्त भएको उपन्यासमा चाडपर्व, पूजाआजा, आदि स्थानीय संस्कृतिको झल्को पनि पाइन्छ । उपन्यासमा पूर्वस्मृतिका रूपमा २००७ सालपूर्व नेपालका राणाशासनका गतिविधिहरू, पहिलो विश्वयुद्धपछि र दोस्रो विश्वयुद्धपूर्वको सन्त्रासमय वातावरण परिवेश बनेर आए पनि प्रत्यक्ष वर्णित समय भने १३ वर्षको देखिन्छ । दुर्गानाथ बाजे डेरा बस्न आएदेखि मृत्यु भएसम्मको समय नै उपन्यासले लिएको समयावधि हो । उपन्यासमा तीन पुस्ताका सामाजिक जीवन र अवस्थाबारे प्रकाश पारिएको छ । दुर्गानाथ, पीताम्बर र पवनले त्यसलाई बुझाएका छन्। अणु र पवनको सम्बन्धले विस्तारै अन्तराष्ट्रिय स्थान पाउँदै गएको देखिन्छ भने तराईमा स्वास्थ्य, शिक्षा, रोजगारी र विकास अझसम्म पनि हुन नसकेको तितो यथार्थ पनि यहाँ उपन्यासमा चित्रित रहेको छ । अन्नको भन्डार र उद्योगको केन्द्र भएर पनि निम्नवर्गीय सामाजिक जीवनको दयनीय अवस्थालाई उपन्यासले देखाएको छ भने राणाहरूको भोगविलास प्रवृत्तिलाई पनि सङ्केत गरेको छ । उपन्यासले सामाजिक, सांस्कृतिक, राष्ट्रिय, अन्तराष्ट्रिय परिवेशसँगै पात्रहरूको मानसिक परिवेशबारे पनि चित्रण गरेको छ । दुर्गानाथको शान्त, शालीन र सरल व्यक्तित्व, पीताम्बरको हीनभावना, रम्भाको कर्तव्यपरायणता, पवनको परिपक्वता, अमलेन्दुको स्वाभिमान,

द्वारिकाको अभिभावकत्वसँगै रेलसँग जोडिएका पात्रहरूको द्वन्द्व, संवेग, आवेग, स्वाभिमान, झगडा, रङ्ग, जाति, भाषा, धर्म, वर्गका कुराहरू पनि उपन्यासमा परिवेशसँग सम्बन्धित भएर आएका छन् ।

***उद्देश्य*** - घामका पाइलाहरू उपन्यासको मुख्य उद्देश्य नेपालको पूर्वी तराईको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक र शैक्षिक अवस्थाको यथार्थ चित्रण गर्नु हो । रेल यातायातको विकाससँगै उद्योग कलकारखानाहरूको विकासले अगाडि बढ्दै गएर गाउँ र सहरको दोसाँधमा पुगेको एउटा बस्तीको वास्तविक कथा देखाएको छ । अन्नको भण्डारको उपमा पाए पनि तराईमा अभाव, गरिबी, अन्धविश्वास, अशिक्षा र बेरोजगार रहेको, श्रमशोषण, अन्याय, कालोबजारी, स्वास्थ्योपचारको कमी, विज्ञ मान्छेको अभाव, पढेकालाई उचित व्यवस्थापनको कमीजस्ता समस्याहरूका कारण सीमाभित्र रहेर पनि सीमाहीन भएर अति कष्टसाथ जीवन बाँच्न विवश एउटा बस्तीको यथार्थ चित्र उपन्यासमा उभिएको छ । रेलको आवाज, स्टेसनभरि फोहोरमैला, जुवातास, गाँजा, भाँङ खाने, होहल्ला गर्ने, अरूको कुरा काट्ने, घरझगडा गर्ने, छोरी मान्छेप्रतिको गलत हेराइजस्ता विकृति, विसङ्गतियुक्त सोचाइका मान्छेहरूका कारण यो ठाउँ माथि उठ्न सकेको छैन । तराईको भूभाग भएकाले असाध्यै गर्मी, धुँवा, धुलो, दुर्गन्ध, प्रदूषण, सर्पको भय, लामखुट्टे, भ्यागुताको भय रहेको यस ठाउँमा भारतबाट अमलेन्दु, रेलवेका कर्मचारी, दुर्गानाथ, पीताम्बर, द्वारिका आदि विभिन्न क्षेत्र, भूगोल, धर्म, संस्कृति, भाषा भएका मान्छेहरू एकताबद्ध भएर बसेका छन् । त्यो कोलाहलसँगै यिनीहरूबिचको एकता, सद्भाव, शान्ति, त्याग, सहयोग र सहकार्यलाई उपन्यासले देखाएको छ ।

यी थरीथरीका यथार्थ वस्तुस्थितिसँगै उपन्यासमा मानवीय संवेदनाको कलापूर्ण प्रस्तुति पनि पाइन्छ । सर्वस्व गुमाएर सम्पत्तिहीन भएका पं.दुर्गानाथमा स्वाभिमान, इज्जत, दया, करूणा र सहिष्णुताको भाव देखिन्छ भने पीताम्बरमा आर्थिक अभावले मानसिक विचलन र हीनताको भाव देखिन्छ । पीताम्बर पत्नी रम्भाको दैनिकी ससुराको सेवामा लीन तथा श्रीमान्को टोकसो खाएर नै बितेको छ भने पढाइमा तेज भएर पनि आर्थिक कारण पवनको भविष्य अनिश्चित बन्न पुगेको छ । अमलेन्दु र द्वारिकामा रहेको मानवताबोधी भाव तथा मधेश विरोधी डाक्टर्नीको मधेशप्रतिको प्रेमबाट पात्रका सोचाइमा आउँदै गरेको सकारात्मक परिवर्तनलाई पनि उपन्यासले देखाएको छ । मधेश सबैको घृणाको भाव बोकेर पनि आफ्नै पहिचानमा बाँचेको छ । मधेश पाखे, असभ्य र विकृत छैन । यहाँको आफ्नै जीवनशैली, भाषा, संस्कृति रहेको छ । मधेश खाफैंमा स्वाभिमानी छ भने काठमाडौं, अन्य भूभागहरूमा अन्न पठाएर 'बाँच र बाँच्न देऊ' भन्ने भावमा बाँचेको छ । अन्नको भण्डार भएर

पनि कुनै घमण्ड नबोकेको मधेशले भिन्न भिन्न धर्म, संस्कृति र भाषा भएका मान्छेलाई हाँसीहाँसी स्वीकारेको छ । यसरी सबै कुरा भएर पनि राज्यको उपेक्षाले विकासका नाममा पछि परेको र सबैलाई सम्मान गर्ने मधेशप्रति सबैको सकारात्मक चिन्तनको आशा र अपेक्षा गर्नु पनि यस उपन्यासको खास लक्ष्य रहेको छ ।

***दृष्टिबिन्दु*** - घामका पाइलाहरू तृतीय पुरुष दृटिबिन्दुमा लेखिएको उपन्यास हो । उपन्यासमा विभिन्न पात्रका माध्यमबाट कथानक अघि बढेको छ । यी पं.दुर्गानाथ, पीताम्बर, अमलेन्दु, द्वारिका, पवन, अणु, गणेशी, डाक्टर, डाक्टर्नी आदि पात्रहरूले आफ्नै कथाव्यथाहरू अभिव्यक्त गरेका छन् । उपन्यासकारद्वारा आयोजित यी पात्रहरूले लेखककै विचारको प्रकटीकरण गरेका छन् । खासगरी दुर्गानाथ बाजेका माध्यमबाट उपन्यासकारका विविध विचारहरू कलापूर्ण रूपमा व्यक्त भएका छन् । बहुल र विविध व्यक्ति तथा प्रवृत्तिका पात्रहरू चयन गरेर आफू अनुकूलको भूमिका विर्वाह गराउन उपन्यासकार सफल भएका कारण उपन्यासको दृष्टिबिन्दु तृतीय पुरुष रहेको देखिन्छ ।

***भाषाशैली*** - भाषाशैलीका दृष्टिले घामका पाइलाहरू उपन्यास उत्कृष्ट बन्न पुगेको छ । २६ अध्यायमा रचना गरिएको उपन्यासमा अध्यायभित्रका उपकथाहरू छुट्याउन विभिन्न चिन्हहरू राखिएको छ । उपन्यासको भाषा पात्रको स्तर र अवस्थाअनुसार सरल, काव्यात्मक, आलङ्कारिक र प्रतीकात्मकसँगै विभिन्न उखान, टुक्का, सूक्तिको विशिष्ट प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त भाषा प्राकृतिक छ र यसमा कुनै नक्कलीपन पाइँदैन । उपन्यासमा तत्सम, तद्भव र आगन्तुक शब्दको कलापूर्ण प्रयोग पाइन्छ । पात्रहरूका स्वाभाविक संवादहरू यहाँ पाइन्छन् । रेल, रेल स्टेसन, लिक, पोस्ट अफिस, कम्पनी, डाइरेक्ट, पोस्टम्यान, मिक्स्चर, गार्डम्यान, सिग्नल, मोबिल, साइकल, सिरियस, एलार्म आदि आगन्तुक शब्द, खङरङ्ग, चटक्क, झमक्क, अकमक्क आदि अनुकरणात्मक शब्द, इन्तु न चिन्तु, लख काट्नु, हावा लाग्नु, साँढेको जुधाइ बाछाको मिचाइ आदि उखान टुक्कासँगै हिलोको गम्बुट लाएजस्तै, हातको टालाजस्तो, बाफिलो चिया, कर्णभेदी चित्कार आदि प्रतीकात्मक पदावलीको प्रयोगले उपन्यासको भाषा रोचक बनेको पाइन्छ । उपन्यासमा विभिन्न श्लोक, सूक्ति, गीत आदिको पनि प्रयोग पाइन्छ । गणेशी गाएको, झन् पर गयो बरी, झन् माया लाग्छ बरी लै, सवारी मेरो रेलैमा...... (पृ.६६), नैनं छिन्दन्ति शास्त्राणि नैनं दहति पावक ....(पृ.२७१), तथा जस्तोसुकै मृत्युन्मुखी मानिसले पनि जीवनप्रतिको आस्था र जिजीविषाको गहिरो लालसालाई

प्राणवायुको अन्तिम उच्छवाससम्म सँगालिरहेको हुन्छ (पृ.१०५) भन्ने उपन्यासको भाषिक प्रयोगले उपन्यासको भाषा निकै कलात्मक रहेको छ भन्ने पुष्टि हुन्छ ।

भाषासँगै उपन्यासको शैली पनि ओजपूर्ण रहेको पाइन्छ । यहाँ वर्णनात्मक र विवरणात्मकसँगै दृश्यात्मक, पूर्वदीप्ति र हास्यव्यङ्ग्यात्मक शैलीको प्रयोग पाइन्छ । कहीँ कतैका संवादहरू लामा देखिए पनि अवान्तर प्रसङ्गका कारण यसमा प्रशस्तै नाटकीयता पाइन्छ । उपन्यासको कथानक स्मरणका रूपमा आएका हुन् कि वर्तमानका हुन् भन्ने दोधारमा पाठकहरू परे पनि उपन्यासको मूल प्रवाहमा कुनै अलमल रहेको पाइँदैन । तसर्थ भाषाशैली प्रयोगका दृष्टिले घामका पाइलाहरू उपन्यास उच्चस्तरको मौलिक बन्न पुगेको छ ।

***शीर्षक*** - घामका पाइलाहरू उपन्यासको शीर्षक पदावलीका तहमा राखिएको छ । यसको शाब्दिक अर्थ घाम वा किरणका डोब अथवा डामहरू भन्ने हुन्छ । पूर्वी तराईमा घटित भएका कारण सोझो अर्थमा प्रचण्ड गर्मी, धुँवा, धुलोयुक्त डोब हुन्छ व्यञ्जनाका रूपमा नयाँ दिन वा उज्यालो समयको सुरुवात भन्ने हुन्छ । शीर्षकले एकातिर गाँस, बास र कपाससँगै स्वास्थ्य, शिक्षा, रोजगारीको अभावको डामलाई साथै प्राकृतिक डामसँगै आर्थिक, सामाजिक र मानसिक डामतर्फ सङ्केत गरेको छ भने अर्कातिर रेल यातायात, उद्योग, कलकारखानाको सुरुवात, शिक्षित र सचेत मानिसहरूको आगमनपछि विस्तारै गाउँबाट सहरतिर, आधुनिकतातिर परिवर्तन र विकास हुँदै गरेको सन्दर्भलाई शीर्षकले औंल्याएको पाइन्छ । हरेक रातपछि दिन हुने र दिनमा घाम उदाउँछ भनेजस्तै विकासको गति पनि क्रमशः लम्किरहेको हुन्छ । समयसँगै सामाजिक, आर्थिक सबै पक्ष चलायमान हुने तथा मान्छेका सोच, धारणाहरू, व्यवहारहरू पनि परिवर्तन हुँदै गएको सन्दर्भलाई घामका पाइलाहरू शीर्षकमा समेटिएको छ । यसरी उपन्यासको कथानकमा देखिएको बाहिरी तापसँगै कतिपय पात्रहरूमा देखिएको आन्तरिक तापको मूल तथ्यलाई शीर्षकले सङ्केत गरेका कारण अभिधा र व्यञ्जना दुवै तहबाट उपन्यासको शीर्षक सार्थक र प्रभावकारी बन्न पुगेको देखिन्छ ।

## निष्कर्ष र उपलब्धि

उपन्यासको कथानक विन्यास त्यति प्रभावकारी देखिँदैन । आदि, मध्य र अन्त्यको श्रृङ्खलाको सुगठित क्रमको अभाव उपन्यासमा पाइन्छ । नेपालको मध्य तराई वीरगन्जको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षको चित्रण गर्दै नेपालको अन्नभण्डार र विकास निर्माणको पूर्वाधारको विकासका क्रममा रेल यातायातको थालनीसँगै आएको परिवर्तन, बसाइसराइका कारण मानवीय गतिविधि बढ्दै

गएको, शिक्षा, स्वास्थ्य, रोजगारीको अभावले सोचेजस्तो परिवर्तन आउन नसकेको निष्कर्षमा उपन्यासकार पुगेका छन् । पात्र प्रयोगका दृष्टिले धेरै पात्रहरू समेटिएको उपन्यासमा मुख्य पात्र पण्डित दुर्गानाथ हुन् । नायक र नायिका स्पष्ट उल्लेख नभए पनि पवन र अणुले त्यसको अभाव पूरा गरेका छन्। अमलेन्दु भट्टाचार्य भारतबाट आएर रेल सञ्चालनको जिम्मेवारी लिएका शिक्षित, सबैलाई समान व्यवहार गर्ने पात्र हुन् । पीताम्बरलगायतका विविध स्वभाव, लिङ्ग, वर्गका पात्रहरूको प्रयोगका कारण पात्रगत रूपमा उपन्यास प्रभावकारी बन्न पुगेको छ । परिवेशका दृष्टिले यो उपन्यास अझ प्रभावकारी देखिन्छ । मुख्यतः पूर्वी तराईको परिवेश रहेको उपन्यासमा विविध प्रङ्गमा नेपालका पहाड, तराई, राजधानी, कलकत्ताजस्ता ठाउँहरू आएका छन् । सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, ऐतिहासिक परिवेशले उपन्यास परिवेशप्रधान बन्न पुगेको छ । आफ्नै जीवनशैली, अन्नको भण्डार, विकासको पर्याय भएर पनि मधेशले पाउनुपर्ने माया, राज्यको उत्तरदायित्व पूरा हुन नसकेको गुनासो भाव मूल उद्देश्य रहेको यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग रहेको छ । भाषाशैलीका दृष्टिले यो उपन्यास निकै महत्त्वपूर्ण बनेको छ । प्रतीकात्मक, सूक्तिमय भाषा र वर्णनात्मक, पूर्वदीप्ति शैली रहेको उपन्यासको शीर्षकले तराईमा रहेको विविध समस्याजन्य ताप अभिधा तथा विकासको गति बढ्दै गएको अर्थ व्यञ्जनाका रूपमा देखाएका कारण शीर्षक सार्थक बनेको विषय निष्कर्ष बनेको छ ।

यसरी समग्रमा हेर्दा औपन्यासिक तत्त्वहरूका आधारमा घामका पाइलाहरू एउटा उत्कृष्ट उपन्यास बन्न पुगेको छ । पूर्वी तराईको सामाजिक, आर्थिक, शैक्षिक र साँस्कृतिक पक्षसँगै राष्ट्रिय र अन्तराष्ट्रिय गतिविधि र त्यसको प्रभावलाई सभ्य र भव्य रूपमा तथा यसप्रकारको भाषाशैलीमा प्रस्तुत गरेर उच्च सम्मानले सम्मानित हुनु नै यस उपन्यासको उपलब्धि हो ।

## सन्दर्भसामग्रीसूची


एटम, नेत्र (२०६०), *अन्तर्विषयक समालोचना,* एकता बुक्स ।

गोतामे, ध.च.(२०३५), *घामका पाइलाहरू,* साझा प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०६०), ‘द्वन्द्वगत संरचनाका आधारमा सयवर्षभित्रका केही उपन्यासहरूको अध्ययन’, *नेपाली उपन्यास शतवार्षिकी,* ने.रा.प्र.प्र.।

दाहाल, खेम (२०६४), ‘ध.च. गोतामेका उपन्यास : एक चर्चा’, *गरिमा,* वर्ष २६, अङ्क, पूर्णाङ्क ९०१, पृ.५९, साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२५), *साझा समालोचना,* साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन ।

भट्टराई, तुलसीप्रसाद *(२०५१), गरिमा (*समालोचना विशेषाङ्क, २०५१), वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५७), *नेपाली कविता र आख्यान,* नवीन प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०३४), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* साझा प्रकाशन ।